## नगर कार्यपालिकाको बैठक नं. ४/२०७९/८०

आज मिति २०७९/०६/०९ गते आईतवार बिहान ९:०० बजे क.उ.म.न.पा.को सभा हलमा नगर प्रमुख श्री बिनोद प्रसाद साहज्यूको अध्यक्षतामा क.उ.म.न.पा. नगर कार्यपालिकाको चौथो बैठकमा देहाय अनुसारको प्रस्ताव माथि छलफल गरियो।

**छलफल गरिने विषयहरु र निर्णयहरु (AGENDAS AND DECISIONS) :-**

१. नगर खेलकुद विकास समिति संचालन कार्यविधि,२०७९ स्वीकृत सम्बन्धमा ।
निर्णयः-नगर खेलकुद विकास समिति संचालन कार्यविधि,२०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

२. राम राजा (मो.वि.शा) क्याम्पसका विद्यार्थीहरुको अध्ययन भ्रमण सम्बन्धमा ।
निर्णय :- राम राजा (मो.वि.शा) क्याम्पसका नियमित कार्यक्रम अन्तरगत अध्ययनरत व्यवस्थापन तथा शिक्षा संकाय स्नातक तह चौथो वर्षका छात्रछात्राहरु दश दिनका लागि शैक्षिक अध्ययन भ्रमणमा जानको लागि आर्थिक सहयोग मांगको निवेदन आएकोले क्याम्पसको नियमित भ्रमण कार्यक्रम चुस्तदुरुस्त हुनको लागि आर्थिक सहयोग वापत रु. ५००००/- दिने निर्णय गरियो ।

३. ने.क.पा. (विप्लव समुह) लाई आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा ।
निर्णय :- मिति २०७९/०६/२५ गते हुने भएको ने.क.पा. (विप्लव समुह) को "ऐतिहासिक नवौं महाधिवेशन" को लागि आर्थिक सहयोग वापत रु. २७०००/- दिल महमद अंसारी हस्ते उपलब्ध गराउने निर्णय गरियो ।

४. थप बजेट अनुमोदन सम्बन्धमा ।
निर्णय :- आ.व. २०७८/७९ को बैंक स्टेटमेन्ट अनुसार रु. १६७१३८८१०/७८ आ.ल्या. देखिएको र विनियोजन ऐन, २०७९ मा रु. १५००००००/- मात्र आ.ल्या. अनुमान गरिएकोले बढी देखिएको रकम मध्ये रु. १००००००/- मात्र आ.ल्या. को चालु तर्फ आन्तरिक स्रोतको अनुमानमा थप गरि "जनप्रतिनिधि सेवा सुबिधा" शिर्षकमा थप गर्ने र रु. ७१३८८१०/७८ पुँजीगत तर्फ शीर्षकमा थप गर्ने निर्णय गरियो ।

५. कोटेशन सम्बन्धमा ।
निर्णय :- उपभोक्ता समिति गठन हुन नसकेको अवस्थामा वडा स्तरीय योजना सम्बन्धमा वडाको सिफारिसमा फरक फरक प्रकृतिको अधिकतम तिन वटा सम्म योजना कोटेशनमा गराउन सक्ने निर्णय गरियो ।

६. नगर कार्यपालिका सदस्यहरुलाई अवलोकन भ्रमण सम्बन्धमा ।
निर्णय :-२०७९ कार्तिक १ गते देखि स्याङ्जाको वालिंग नगरपालिकामा हुने विपद सम्बन्धि तालिम र अवलोकन भ्रमण स्विकृत गर्ने निर्णय ।

७. स्वीपर सम्बन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

निर्णय :- यस कलैया उपमहागरपालिका अन्तरगतका वडाहरुमा सरसफाईको कार्यलाई अझै प्रभावकारी बनाउनलाई थप ५५ जना स्वीपर र २ जना ड्राइभर दैनिक ज्यालादारी डोर हाजिरिमा राखिएकोले अनुमोदन गर्ने निर्णय गरियो

८. वडास्तरीय योजना अनुगमन फाराम सम्बन्धमा ।

निर्णय :- वडास्तरीय योजना अनुगमन फाराम स्वीकृत भएको निर्णय गरियो ।

९. सरसफाई कार्यको लागि साझेदार संस्था छनौट गर्ने सम्बन्धमा ।

निर्णय :- नगर सरसफाई कार्यको लागि साझेदार संस्था मांग गर्नको लागि सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

१०. धर्म सास्कृतिको लागि आर्थिक सहयोग सम्बन्धमा ।

निर्णय :- वडा नं. ७ को छाठिया पोखरीमा छठ पुजाको लागि रु. १०००००/- र वडा नं.१ को हाट बजारको दुर्गापुजाको लागि रु. ८८०००/- धर्म सास्कृति सरक्षण र प्रवर्धन गर्न आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

११. कानुनि सल्लाहकार नियुक्ति गर्ने सम्बन्धमा ।

निर्णय :- यस उपमहागरपालिकाको कानुन अधिकृतको सरुवा भएकोले अर्को व्यवस्था नभएसम्म यस अघि कानुनि सल्लाहकारको रुपमा काम गरेका जिल्ला रौतहट , राजपुर फरहदवा वडा नं. ४ राजपुरको अधिवक्ता बिनोद प्रसाद साहलाई कानुनी सल्लाहकारको पदमा नियुक्त गर्ने निर्णय गरियो ।

१२. सामुदायिक सिकाई केन्द्रका परिचालिकाहरुको थप तलब सम्बन्धमा ।

निर्णय :- शिक्षक अभाव रहेको विद्यालयमा पढाउने शर्तमा सामुदायिक सिकाई केन्द्रका परिचालिकाहरुको थप तलब सम्बन्धमा नगर कार्यपालिकाको ७८ औ बैठकको बुँदा नं.१२ अनुसार उपलब्ध गराउने निर्णय गरियो ।

१३. राजश्व परामर्श समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा

निर्णय :- मिति २०७९/०५/०७ र २०७९/०५/२९ गतेको को राजश्व परामर्श समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

१४. शिक्षा समितिको अनुगमन सम्बन्धमा ।

निर्णय :- शिक्षा समितिले वडामा अनुगमन गर्न जाँदा सम्बन्धित वडाका वडा अध्यक्षसंग समन्वय गरि वडाको विद्यालयहरुमा अनुगमन गर्ने निर्णय गरियो ।

१५. लामखुट्टे नियन्त्रण गर्न विषादी छर्ने सम्बन्धमा ।

निर्णय :- मिति २०७९ असोज १४ गते शुक्रवार र १५ गते शनिवारको दिन अभियानको रुपमा न.पा. को सबै वडाहरुमा लामखुट्टे नियन्त्रण गर्ने विषादी छर्ने निर्णय गरियो ।

१६. धर्म संस्कृति सम्बन्धमा ।

निर्णय :- विगत वर्षदेखि वडा नं. ८ खापरताता रामजानकी मन्दिर व्यवस्थापन गर्न बाबा करझिगन महतो कहारलाई दिईदै आइएको मासिक रु. २०००/- रकममा रु. ३०००/-

प्रमुख प्रशासकीय अधिकृत

थप गरि रु. ५०००/- चालु आ.व. २०७९/८० को मिति २०७९/०४/०१ गते देखि दिने निर्णय गरियो ।

१७. आर्थिक सहयोग सम्बन्धमा ।

निर्णय :- वडा नं. ७, अमिन मियाँ अंसारीलाई रु.२५०००/- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

१८. बडादशैंमा मौलापूजा गर्नको लागि बोका उपलब्ध गराउने सम्बन्धमा ।

निर्णय :- जिल्ला प्रशासन कार्यालय,बारा ; जिल्ला प्रहरी कार्यालय, बारा ; सशस्त्र प्रहरी गण, बारा र ज्वाला दल, बाराले बडादशैंमा मौलापूजा गर्नको लागि नगर प्रमुख ज्युलाई बोका उपलब्ध गराई दिन मौखिक अनुरोध गरेकोले माथि उल्लेखित निकायलाई रु.५००००/- भित्र नगर प्रमुखज्यु मार्फत बोका उपलब्ध गराउने निर्णय गरियो ।

१९. कोटेशनबाट बिजुली बत्ति सम्बन्धि सामग्री खरिद गर्ने सम्बन्धमा ।

निर्णय :- बिजुली बत्ति सम्बन्धि टेन्डर भएतापनि दशैं अगाडी बिजुली बत्ति सम्बन्धि सामग्री उपलब्ध हुन सक्ने अवस्था नरहेकोले कोटेशनबाट बिजुली बत्ति सम्बन्धि सामग्री खरिद गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत